# विचारको बयान (रूपरेखा)


## - समावेशी समाज प्राप्तिको आदर्श तरिका र मध्यम देखि दीर्घकालीन चुनौतीहरू -

नोभेम्बर २०२१

विदेशी निवासी सहितको समावेशी समाज प्राप्तिको लागि सल्लाहकार समिति

# विदेशी निवासी सहित समावेशी समाज जसको लागि लक्ष्य राख्छौँ (तीनवटा लक्ष्यहरू)

**दिगो, विविध र "कसैलाई पनि न छोडिने" समावेशी समाज अनुभूति गर्ने अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्यहरू (SDG)को सिद्धान्तमा आधारित समावेशी समाज प्राप्ति गर्नको लागि तीनवटा लक्ष्यहरू**



# विदेशी निवासी समावेश गर्ने समाज प्राप्त गर्नको लागि तीनवटा लक्ष्यहरू अनुभूति गर्न चारवटा प्राथमिक कुराहरू

निम्न बुँदाहरू चाहिं चारवटा प्राथमिक कुराहरू हुन्, जुन मध्यम देखि दीर्घकालीन समयको लागि ध्यान दिनुपर्छ ताकी विदेशी निवासी समावेश गर्ने समाज प्राप्त गर्नको लागि तीनवटा लक्ष्यहरू अनुभूति गर्न सकौं, हरेक कुराको लागि कार्यको पाठ्यक्रमको संक्षेपीकरण दिएर।

* समर्थन प्रदान गर्दा, “विदेशमा जरा भएका मानिसहरू”-को लागि उपाय र नीतिहरू तर्जुमा गर्नुपर्छ।

१. जापानी भाषाको प्रशिक्षण आदि प्रदान गर्नुपर्छ ताकी विदेशी निवासीहरू सञ्चारको सुविधा र समाजमा सहभागी हुन सकून्।

२. विदेशी निवासीको लागि जानकारी प्रदान गर्नुपर्छ र परामर्श प्रणाली सुदृढ गर्नुपर्छ।

३. प्रत्येक व्यक्तिको जीवनको चरण/जीवन चक्र अनुसार आवश्यक सहयोग प्रदान गर्नुपर्छ।


४. समावेशी समाजको लागि पूर्वाधार सुधार गर्न पहल गर्नुपर्छ

हाम्रो अपेक्षा छ कि सरकारले वर्तमान अवस्थाको मूल्याङ्कन गरोस् अनि र समावेशी समाज प्राप्ति गर्न आदर्श तरीका प्रस्तुत गरोस्, र त्यस्ता समाजलाई साकार पार्न उपायहरू अवलम्बन गरियोस्। त्यसपछि KPI (प्रमुख प्रदर्शन सूचकहरू) समावेश गर्ने मध्यम देखि दीर्घकालीन कार्य योजना तयार पारोस्।

# जापानमा विदेशी निवासीको परिस्थितिहरूको परिवर्तनहरु ①

## विदेशी निवासीको वर्तमान स्थिति

| | |
|---|---|
| विदेशी निवासीको जनसंख्या | लगभग २८ लाख ९० हजार (२०२० को अन्तको हिसाब अनुसार) [२०१९को अन्तमा रेकर्ड तोड्नेगरि सबैभन्दा धेरै जनसंख्या पुग्यो] |
| जापानको कुल जनसंख्या | लगभग १२ करोड ६२ लाख ३० हजार (अक्टोबर १, २०२०को हिसाब अनुसार) |
| कुल जनसंख्याको कति प्रतिशत विदेशी निवासी पर्छ | २.२९% (२०२०को हिसाब अनुसार) [२०१९मा रेकर्ड तोड्नेगरि सबैभन्दा धेरै जनसंख्या पुग्यो] |
| विदेशी कामदारको संख्या | लगभग १७ लाख २० हजार (अक्टोबर २०२०को अन्तको हिसाब अनुसार) [अक्टोबर २०२०को अन्तमा रेकर्ड तोड्नेगरि सबैभन्दा धेरै जनसंख्या पुग्यो] |




# जापानमा विदेशी निवासीको परिस्थितिहरूको परिवर्तनहरु ②

## विदेशी निवासीहरूको जनसंख्यामा र कूल जनसंख्याको अनुपातमा परिवर्तन

### निवासको स्थिति अनुसार


**२०१०**

दर्ता गरिएका विदेशी निवासीको जनसंख्या: २०,८७,२६१




**२०२०**


विदेशी निवासीको जनसंख्या: २८,८७,११६




### राष्ट्रियता/क्षेत्र अनुसार


**२०१०**

दर्ता गरिएका विदेशी निवासीको जनसंख्या: २०,८७,२६१




**२०२०**


विदेशी निवासीको जनसंख्या: २८,८७,११६




- स्थायी निवासी कुलको एक चौथाइभन्दा बढी हिस्सा ओगटेको अवस्थामा कुनै परिवर्तन भएको छैन, तर "कौशल प्रशिक्षण" र "प्रविधि / मानव ज्ञान / अन्तर्राष्ट्रिय कार्य" स्थिति भएका विदेशी निवासीहरुको जनसंख्याको उल्लेखनीय वृद्धि भएको छ।

- दक्षिण कोरिया, उत्तर कोरिया र ब्राजिलबाट आएका विदेशी निवासीको जनसंख्या घटेको छ, तर भियतनामबाट आएका विदेशी निवासीको जनसंख्या उल्लेखनीय रूपमा बढेको छ।

## लिङ्ग अनुसार/उमेर अनुसार/निवासको स्थिति अनुसार विदेशी निवासीको जनसंख्या




- २०-२९ बर्षको उमेरका विदेशी निवासीहरू मध्ये, "विद्यार्थी", "कौशल प्रशिक्षण", र "प्रविधि / मानव ज्ञान / अन्तर्राष्ट्रिय कार्य"को निवासको स्थिति भएकाहरु धेरै छन्।
- महिला विदेशी निवासीहरू जसको उमेर लगभग ४५ देखि ६५ बर्षको हुन्छ, तिनीहरूमध्ये ६०% भन्दा बढी स्थायी निवासी हुन्।

# जापानी भाषाको प्रशिक्षण आदि प्रदान गर्नुपर्छ ताकी विदेशी निवासीहरू सञ्चारको सुविधा र समाजमा सहभागी हुन सकून्। (प्रथिमिक कुरा १)

## वर्तमान अवस्था/समस्याहरु

### जापानी भाषा सिक्ने मौकाहरू प्रदान गर्नुपर्छ

- जापानी भाषाको कक्षाहरू प्रायोजित नगर्ने नगरपालिकाहरूमा बस्ने विदेशी निवासीहरूको जनसंख्या:
  लगभग ५,८०,००० (नोभेम्बर २०२०को हिसाब अनुसार)

  →विदेशी निवासीहरूलाई जापानी भाषा सिक्ने मौकाहरू पर्याप्त रूपमा प्रदान गरिएको छैन।

- विदेशी निवासीहरूको लागि अभिमुखीकरण हरेक नगरपालिका अनुसार उपलब्धता र सामग्री फरक फरक हुन सक्छन्।

  →यसले गर्दा जापानको रीतिरिवाज र सामाजिक प्रणाली प्रति समझको स्तरमा विदेशी निवासीहरू मध्ये असमानता पुर्याउन सक्छ।

### विदेशी निवासीको जीवनको चरण अनुसार उपयुक्त व्यवस्थित जापानी भाषाको शिक्षा

- विदेशी निवासीको हालको जीवनको चरणको लागि आवश्यक जापानी प्रवीणताको स्तरलाई संकेत गर्ने कुनै मापदण्डहरू छैनन्।

  →विदेशी निवासीलाई व्यक्तिगत आवश्यकता र स्तरको आधारमा व्यवस्थित रूपमा जापानी भाषा सिकिरहन गाह्रो हुन्छ।

### जापानी भाषा प्रशिक्षणको लागि गुणस्तरको आदि सुधार गर्नुपर्ने

- जापानी भाषाको शिक्षकको योग्यता र क्षमतामा असमानता छ।

- जापानी भाषाको शिक्षकलाई कामको असन्तोषजनक अवस्था आदिका कारण आफ्नो दीर्घकालीन करियर स्थापना गर्न गाह्रो हुन्छ।

  → जापानी भाषाको शिक्षकहरूको योग्यता सुधार गर्नुपर्छ र पर्याप्त संख्यामा शिक्षकहरू प्राप्त गर्नुपर्छ।

## ध्यान दिनुपर्ने मुख्य कुरा

### दैनिक जीवनमा चाहिने जापानी भाषा र जापानको रीतिरिवाज र सामाजिक प्रणालीबारे सिक्न विदेशी निवासीहरूको लागि वातावरण सुधार गर्नुपर्छ।

<दैनिक जीवनमा चाहिने जापानी भाषा आदि सिक्न विदेशी निवासीहरूको लागि वातावरण सुधार गर्नुपर्छ।>

- दैनिक जीवनमा चाहिने जापानी भाषाको प्रवीणताको स्तर हासिल गर्न विदेशी निवासीहरूलाई जापानी भाषा प्रशिक्षण प्रदान गर्नुपर्छ र जापानी समाजमा सहज बस्तीको लागि अभिमुखीकरण प्रदान गर्नुपर्छ।
- निवासको स्थितिको आवेदन प्रक्रिया हुँदा र अरू विभिन्न मौकामा, उपलब्ध अध्ययन कार्यक्रमहरूको बारेमा जानकारी र मार्गदर्शन प्रदान गर्नुपर्छ।
- पाठ्यक्रम र सिकाइ सामग्रीको तयारीका साथै अनलाइन कक्षाको कार्यान्वयनबारे छलफल गर्न जापान अध्यागमन निबास नियन्त्रण एजेन्सी र अन्य सम्बन्धित एजेन्सीहरू मिलेर काम गर्नुपर्छ।

<विदेशी निवासीको हालको जीवनको चरण अनुसार व्यवस्थित रूपमा जापानी भाषा सिक्न वातावरण सुधार गर्नुपर्छ।>

- जापानी भाषा प्रवीणताको लागि मूल्याङ्कन मापदण्ड (जापानी सन्दर्भ प्रणाली) प्रयोग गरेर प्रत्येक भाषा विद्यालयको स्तर परिभाषित गर्न प्रणाली स्थापना गर्नुपर्छ ताकी विदेशी निवासीले आफ्नो अध्ययन आवश्यकता र स्तरको लागि उपयुक्त भाषा विद्यालय छनोट गर्न सकोस्।

<जापानी भाषा कार्यक्रमहरूको गुणस्तर सुधार गर्नुपर्छ र विशेषज्ञ कर्मचारीहरू प्राप्त गर्ने प्रयासलाई बढावा दिनुपर्छ>

- "मान्यता प्राप्त जापानी भाषा प्रशिक्षक (अस्थायी नाम)"-को लागि योग्यता प्रणाली स्थापित गर्नुपर्छ र जापानी भाषाको शिक्षकले दीर्घकालीन क्यारियर हासिल गर्न सकोस् भनेर एउटा प्रणाली स्थापना गर्नुपर्छ।

# विदेशी निवासीको लागि जानकारी प्रदान गर्नुपर्छ र परामर्श प्रणाली सुदृढ गर्नुपर्छ। (प्रथिमिक कुरा २)

## वर्तमान अवस्था/समस्याहरु

### विदेशी निवासीको लागि जानकारीको प्रावधान

- सम्बन्धित एजेन्सीहरुले उठाइएका उपायहरुबारे जानकारी (कोभिड-१९ महामारीको प्रभाव विरुद्ध विदेशी निवासीहरूको लागि समर्थन उपायहरू सहित) प्रदान गरिन्छ, तर विदेशी निवासीलाई आफ्नो अवस्थाको लागि उपयुक्त जानकारी ठीक समयमा छनौट गर्न गाह्रो हुन्छ।

- सञ्चारका लागि प्रयोग गरिने पठाउने र प्राप्त गर्ने माध्यम बीचको मेल नमिलेको कारणले गर्दा आवश्यक सहयोगका लागि सूचना विदेशी निवासीसम्म पुग्न नसक्ला।

→विदेशी निवासीहरूको लागि आवश्यक सहयोगको लागि द्रुत र सुरक्षित पहुँच पाउने गरि एउटा फारममा जानकारी दिइएको छैन।

### विदेशी निवासीको लागि परामर्श प्रणाली

- विदेशी निवासी बढेकोले, साथै विदेशी निवासीहरू विभिन्न राष्ट्रियता भएकोले गर्दा, दोभाषेहरू प्राप्त गर्न गाह्रो हुन्छ।
- विदेशी नागरिकहरूहरूलाई स्विकार्ने वातावरण सुधार गर्नको लागि दिइएको रकम प्रत्येक नगरपालिकाको अवस्था अनुसार व्यापक रूपमा प्रयोग गरिएको छैन।
- विदेशी निवासीहरूको समस्याहरू विविध र जटिल हुन्छन्, त्यसैले सम्बन्धित एजेन्हसीरू मिलेर काम गर्नु झनै आवश्यक हुँदै गएको छ।
- नगरपालिका सरकारका कर्मचारीहरूलाई अपर्याप्त जापानी भाषाको प्रवीणता भएका विदेशी निवासीहरूसँग सञ्चार गर्न गाह्रो हुन्छ।

→विदेशी निवासीहरूले द्रुत र सुरक्षित रुपमा चाहिने समर्थन पाउन सकिने परामर्श प्रणाली स्थापना गरिएको छैन।

## ध्यान दिनुपर्ने मुख्य कुरा

**जानकारी प्रदान गरेर अनि परामर्श प्रणालीको सुधार गरेर वातावरण सुधार गर्नुपर्छ ताकी विदेशी निवासीहरूले द्रुत र सुरक्षित रुपमा चाहिने समर्थन पाउन सकून्।**

### <विदेशी निवासीको दृष्टिकोणबाट झन् राम्रो तरिकाले जानकारी प्रदान गर्नुपर्छ।>

- जानकारीको सामग्री रचनात्मक तरिकाले बनाउनुपर्छ (कुन जानकारी सञ्चार गर्ने)
  - प्रदान गरिएको जानकारीको मानक, आदि तोकिने दिशानिर्देश तयार गर्नुपर्छ।

- जानकारी कसरी उपलब्ध गराउने
  - सामग्री बुझ्न सकोस् भनेर लिखित जानकारीको साथै दृश्य जानकारी प्रयोग गर्नुपर्छ।
- रचनात्मक तरिकाले संचार मिडिया चयन गर्नुपर्छ।
  - Mynaportal प्रयोग गरेर "कस्टम निर्मित-प्रकार" र "पुश-प्रकार" जानकारीको प्रेषण

### <विदेशी निवासीहरूको समस्हयारूको सामना गर्न परामर्श प्रणालीमा सुधार गर्नुपर्छ।>

- केन्द्रीकृत परामर्श सेवाहरूको लागि समर्थन बढाउनुपर्छ
  - विदेशी निवासी स्विकार्ने वातावरण सुधार गर्नको लागि अनुदान दिनको लागि आवश्यकताहरूको समीक्षा गर्नुपर्छ/ परामर्श सेवा, आदिको केन्द्रीकरणको प्रवर्द्धन गर्नुपर्छ
- समुदायमा सम्बन्धित एजेन्हसीरूको सहयोग/विदेशी निवासीको समर्थकहरूको लागि नेटवर्क बनाउने प्रवर्द्धन गर्नुपर्छ
  - FRESC-ले गरे झैं, अन्य एजेन्सीहरूसँग सहकार्य गरेर विदेशी निवासीले फोन गर्ने बेला जवाफ दिने सोधपुछ सम्पर्क आदि स्थापना गरिनुपर्छ।
  - निजी समर्थन एजेन्सीहरू मार्फत पाइने जापान सरकारको सहयोग बारे जानकारी प्रदान गरिनको साथै विदेशी निवासीको समस्हयाहरू तुरुन्त र सही रूपमा पहिचान गर्न एउटा प्रणाली स्थापना गर्नुपर्छ।

# प्रत्येक व्यक्तिको जीवनको चरण/जीवन चक्र अनुसार आवश्यक सहयोग प्रदान गर्नुपर्छ।(प्रथिमिक कुरा ३)


## वर्तमान अवस्था/समस्याहरु

| | |
|---|---|
| **विदेशी निवासीको जीवनको चरणको लागि उपयुक्त समर्थन** | विदेशी निवासीलाई जापानी समाजमा भाग लिनको लागि जीवनको चरण अनुसार चाहिने समर्थन |
| **विदेशी निवासीको जीवन चक्रको लागि उपयुक्त समर्थन** | एक जीवनको चरणबाट अर्को चरणमा सर्ने क्रममा आफ्नो जीवन जारी राख्न विदेशी निवासीको लागि चाहिने समर्थन (सङ्क्रमणकालको लागि चाहिने समर्थन) |

●अर्को जीवनको चरणमा सङ्क्रमणकालमा, विदेशी निवासीले चुनौतीहरूको सामना गर्नुपर्छ, जस्तै विद्यालयमा प्रवेश गर्दा , थप/उच्च शिक्षामा प्रवेश गर्दा, र रोजगारी पाउँदा।

(चुनौतीहरूको उदाहरण)
・सबै उच्च विद्यालयका विद्यार्थीहरू (विशेष-आवश्यकता भएका विद्यालयहरूमा बाहेक) छोड्ने प्रतिशत १.३% छ भने, जापानी भाषा प्रशिक्षण आवश्यक पर्ने उच्च विद्यालयका विद्यार्थीहरूको लागि (विशेष-आवश्यकता भएका विद्यालयहरू बाहेक) ९.६% छ।

●प्रत्येक जीवनको चरणको लागि थप समर्थन पनि आवश्यक छ
→परिस्थितिको वास्तविकता र विदेशी निवासीले आफ्नो जीवनको चरणमा सामना गर्नुपर्ने चुनौतीहरूको स्विकार गरिएको छैन।
→*सङ्क्रमणकालमै* समर्थन उपलब्ध गराउन झन् महत्वपूर्ण हुँदै गएको छ।




## ध्यान दिनुपर्ने मुख्य कुरा

### परिस्थितिको वास्तविकता स्वीकार गरेर तिनको जीवनको चरण र जीवन चक्र अनुसार विस्तृत समर्थन दिनुपर्छ।

<मुख्यतया "शिशु उमेर", "विद्यालय उमेर", र "किशोरावस्था र अधबैसे उमेर"-मा भएका विदेशी निवासीहरूको लागि समर्थन (गर्भावस्थामा हुँदा, प्रसव/बच्चा हुर्काउँदा, विद्यालय जाँदा, थप/उच्च शिक्षामा प्रवेश गर्दा, आदिको लागि समर्थन)>
●क्षेत्र सर्वेक्षण सञ्चालन गरेर अवश्यकता बुझ्नुपर्छ ताकी विदेशी निवासी परिवारहरूलाई सहयोग पाउन सकून् अनि बच्चाहरूलाई हुर्काउनको लागि मैत्रीपूर्ण वातावरणमा सुधार गर्नुपर्छ ताकि तिनीहरूलाई समुदायमा अलग्याउन नपरोस्।
●अवस्था बुझेर विदेशी निवासीका छोराछोरीहरूलाई विद्यालयमा जान प्रोत्साहित गर्नुपर्छ (अभिन्न व्यवस्थापन/समझ)/प्रिस्कूलहरू स्थापना गर्नको लागि समर्थन दिनुपर्छ
●विदेशी निवासीका छोराछोरीहरूको लागि क्यारियर पाउनको लागि पूर्ण समर्थन, जस्तै केटाकेटीहरूको अध्ययन गर्ने इच्छा बढाउन रोल मोडेल (राम्रो उधाहरण बसाल्नेहरू) प्रदान गरेर (उच्च विद्यालय प्रवेश परीक्षाको विशेष नामांकन सीमा/विशेष विचार)

<मुख्यतया "किशोरावस्था र अधबैसे उमेर"-मा भएका विदेशी निवासीको लागि समर्थन (रोजगारी प्राप्त गर्न समर्थन)>
●विदेशी निवासीहरूसँग कुराकानी गर्नको लागि उपकरणको रूपमा सजिलो जापानी भाषा सिक्न सुरु गर्न प्रवर्द्धन गर्नुपर्छ र आपसी समझदारीलाई सहज बनाउने वातावरण बनाउनुपर्छ।
●विदेशी निवासीको रोजगारदाताको निश्चित स्तरको खर्चले कर्मचारीहरूलाई आफ्नो रोजगारी र क्यारियरमा प्रगति गर्नको लागि समर्थनलाई स्थिर गर्न कार्यशाला र व्यावसायिक तालिमको अवसरहरू प्रदान गर्नुपर्छ।

<मुख्यतया "बुढेसकाल"-मा भएका विदेशी निवासीको लागि समर्थन (हेरचाहको लागि समर्थन)>
●विदेशी निवासीको हालको अवस्था र कुनै पनि समर्थन आवश्यकताहरू पहिचान गरेर समर्थन दिने वांछनीय अवस्था खोज्नुपर्छ, र यसलाई विदेशी निवासीहरू सहित प्रत्येक नागरिकका लागि स्वीकार्य बनाउनुपर्छ।

# समावेशी समाजको लागि पूर्वाधार सुधार गर्न पहल गर्नुपर्छ (प्रथिमिक कुरा ४)

## वर्तमान अवस्था/समस्याहरु

### १ समावेशी समाजको प्राप्तिको लागी जागरूकता बढाउनुपर्छ।

- समाजमा विभिन्न परिस्थितिहरूमा विदेशी निवासीहरू विरुद्ध भेदभाव र पूर्वाग्रह छ, जस्तै विद्यालय, कार्यस्थल र समुदायमा

### २ विदेशी निवासीहरूलाई सामाजिक प्रणाली आदिबारे सिक्नको लागि प्रणाली निर्माण गर्नुपर्छ।

- जापानी संस्कृति र चलनको साथै कर र सामाजिक सुरक्षा प्रणालीको राम्रोसँग नबुझेकोले गर्दा अनजानमा नागरिक कर्तव्यहरू पूरा गर्न असफल हुनेहरू छन्।

### ३ विदेशी निवासीहरूको जीवन अवस्थाको वास्तविकताको बारेमा थाहा पाउनुपर्छ

- विदेशी निवासीहरूको जीवन अवस्थाको वास्तविकतालाई पूर्ण रूपमा बुझ्न गाह्रो छ, किनभने सर्वेक्षण वस्तुको रूपमा "राष्ट्रियता" समावेश गर्ने सरकारी तथ्याङ्कहरू सीमित छन्।

### ४ विदेशी निवासीको लागि समर्थन, विदेशी निवासीहरूको व्यवस्थापनको लागि जानकारी सङ्कलन, र सम्बन्धित एजेन्सीबीच समन्वय

- निजी समर्थन एजेन्सीहरू, आदिसँग समन्वय गरेर पर्याप्त जानकारी सङ्कलन गरिएको छैन।
- निजी एजेन्सीहरूबाट उपलब्ध समर्थनलाई समन्वय गर्ने कर्मचारीहरू विकास गर्न महत्त्वपूर्ण छ।
- जापान अध्यागमन निबास नियन्त्रण एजेन्सीले माइ नम्बर प्रणालीसँग सहकार्य मार्फत विदेशी निवासीहरूको व्यवस्थापनको लागि आवश्यक जानकारी कुशलतापूर्वक रुपमा प्राप्त गर्न आवश्यक छ, सुविधा सुधार गर्न र उचित व्यवस्थापन महसुस गर्नलाई।

### ५ समाजमा विदेशी निवासीहरूको सहभागिता

- विदेशी निवासीहरूलाई समाजमा सहभागी हुन र आफ्नो क्षमता पूरा गर्नको लागि मदत गर्ने सन्दर्भमा पर्याप्त प्रयासहरू भएका छैनन्।
- समाजमा भाग लिन उत्प्रेरित भएका विदेशी निवासीहरूको लागि अवसरहरू विस्तार गर्न आवश्यक छ।

→सबै मानिसहरूले विविधताको कदर गर्ने र व्यक्तिगत क्षमताहरूबाट उत्कृष्टता ल्याउन सक्षम हुने समावेशी समाज बनाउन पर्याप्त हुने पूर्वाधार छैन।

## ध्यान दिनुपर्ने मुख्य कुरा

### हामीले लक्ष्य राखेको समावेशी समाजको प्राप्तिको लागी जनचेतना अभिवृद्धि र सामाजिक प्रणालीको बारेमा जान्नको लागि कार्यक्रम निर्माण गर्नको लागि पूर्वाधार निर्माण गर्नुपर्छ।

<समावेशी समाजको प्राप्तिको लागी जनचेतना अभिवृद्धि गराउनुपर्छ>

- उदाहरणको रूपमा, एउटा "ज्ञानको महिना" नामकरण गरेर, समावेशीताको बारेमा चासो र समझलाई बढाउन प्रयास गर्नुपर्छ।
- समावेशीताबारे प्रारम्भिक बाल्यकाल/विद्यालय शिक्षामा सिक्ने अवसरहरू प्रस्तुत गर्ने सम्भावनाको समीक्षा गर्नुपर्छ।

<सामाजिक प्रणाली, आदिबारे सिक्नको लागि एउटा प्रणाली बनाउनुपर्छ>

- विदेशी निवासीको लागि अभिमुखीकरणमा सामाजिक सुरक्षा प्रिमियम र करको भुक्तानी सहित नागरिक कर्तव्यहरूको लागि जानकारी प्रदान गर्नुपर्छ, र त्यसपछि पनि जागरूकता बढाइरहनुपर्छ।

<विदेशी निवासीहरूको जीवनको अवस्थाको सन्दर्भमा क्षेत्र सर्वेक्षण कार्यान्वयन गर्न सरकारी तथ्याङ्कमा सुधार गर्नुपर्छ>

- सरकारी तथ्याङ्क सुधार गरेर विदेशी निवासीहरूको जीवनको अवस्थाको वास्तविकता बुझ्नुपर्छ, वास्तविकता आधारित उपायहरू कार्यान्वयन गर्ने योजना बनाउनुपर्छ, र KPI (प्रमुख प्रदर्शन सूचकहरू)मा आधारित कार्यान्वयनको प्रगतिको निरीक्षण गर्नुपर्छ।

<समावेशी समाजको लागि पूर्वाधार सुधार गर्न र सम्बन्धित एजेन्सीहरूबीच समन्वय बढाउन थप जानकारी सङ्कलन गर्नुपर्छ।>

- निजी एजेन्सीहरूलाई र सहयोग प्रयासहरू समन्वय गर्ने कर्मचारी सदस्यहरूलाई जानकारीको प्रावधान गर्ने र आर्थिक सहयोग जस्ता सम्भावित उपायहरूको समीक्षा गर्नुपर्छ।
- व्यापक समर्थन समन्वय गर्ने कर्मचारीहरू विकास गर्नुपर्छ।/प्रत्यायन प्रणालीको समीक्षा गर्नुपर्छ।